आज मिति २०८२/०९/२० गते आईतबारका दिन यस सुन्दरबजार नगरपालिकाको सत्रौं नगरसभाको बैठक नगरपालिकाका नगर प्रमुख श्री कृष्ण प्रसाद कोइराला ज्युको अध्यक्षतामा बस्यो ।यस सभाको बैठकमा तपसिल बमोजिमको उपस्थिति रह्यो ।

**तपसिलः-**

| क्र.सं. | नाम थर | पद | हस्तक्षर |
|---|---|---|---|
| १ | कृष्ण प्रसाद कोइराला | नगर सभा अध्यक्ष | |
| २ | भवानी के.सी | उपाध्यक्ष | |
| ३ | कर्णबहादुर गुरुङ | सदस्य | |
| ४ | नविन कुमार श्रेष्ठ | सदस्य | |
| ५ | अमृत नेउपाने | सदस्य | |
| ६ | कृष्ण प्रसाद अधिकारी | सदस्य | |
| ७ | श्रीकाजी गुरुङ | सदस्य | |
| ८ | दिनेशबाबु कोइराला | सदस्य | |
| ९ | जयराम रेग्मी | सदस्य | |
| १० | बिजेन्द्र थापा | सदस्य | |
| ११ | मनराज गुरुङ | सदस्य | |
| १२ | दिपकराज ढकाल | सदस्य | |
| १३ | ओम बहादुर दुरा | सदस्य | |
| १४ | इन्दु अधिकारी | सदस्य | |
| १५ | राजेन्द्र बि.क. | सदस्य | |
| १६ | राधिका अधिकारी भट्टराई | सदस्य | |

CamScanner

| | | | |
|---|---|---|---|
| १७ | राधा मल्ल | सदस्य | राधा |
| १८ | कृष्ण बहादुर दुरा | सदस्य | |
| १९ | बिल बहादुर घर्ती | सदस्य | |
| २० | भगवति देवी बि.क. | सदस्य | |
| २१ | सुकमाया गुरुङ | सदस्य | |
| २२ | सर्मिला ठडराई | सदस्य | |
| २३ | निलकण्ठ अधिकारी | सदस्य | |
| २४ | दिपेन्द्र बसौला | सदस्य | |
| २५ | सिता नेपाली | सदस्य | सिता |
| २६ | नारायण बहादुर कुमाल | सदस्य | |
| २७ | निर्मला ढकाल | सदस्य | निर्मला |
| २८ | सावित्रा विश्वकर्मा | सदस्य | सावित्रा |
| २९ | डम्बर बहादुर गुरुङ | सदस्य | |
| ३० | विष्णु राज अधिकारी | सदस्य | |
| ३१ | निरा न्यौपाने | सदस्य | नीरा |
| ३२ | देव राज गुरुङ | सदस्य | |
| ३३ | मन बहादुर गुरुङ | सदस्य | |
| ३४ | गोमा के.सी रिमाल | सदस्य | |
| ३५ | चन्द्र माया दर्जी | सदस्य | चन्द्र |
| ३६ | यम कुमार गुरुङ याम | सदस्य | |

| | | | |
|---|---|---|---|
| ३७ | सन्तोष लामा | सदस्य | |
| ३८ | सरस्वती परियार | सदस्य | |
| ३९ | चन्द्र बहादुर तामाङ | सदस्य | |
| ४० | विजेश श्रेष्ठ | सदस्य | |
| ४१ | सविना सापकोटा | सदस्य | |
| ४२ | वृद्धिकला विश्वकर्मा | सदस्य | |
| ४३ | मुरली कुमाल | सदस्य | |
| ४४ | सन्तोष श्रेष्ठ | सदस्य | |
| ४५ | अनिता दुलाल (सार्की) | सदस्य | |
| ४६ | केशर बहादुर कुँवर | सदस्य | |
| ४७ | शेर सिं कार्की | सदस्य | |
| ४८ | मधु कुमारी बोहोरा (भट्टराई) | सदस्य | |
| ५० | चिज माया दर्जी | सदस्य | |
| ५१ | खुबहादुर गुरुङ | सदस्य | |
| ५२ | सुरेश गुरुङ | सदस्य | |
| ५३ | विन्दु देवी अधिकारी | सदस्य | |
| ५४ | काली माया अछामी | सदस्य | |
| ५५ | नारायण बहादुर भण्डारी | सदस्य | |
| ५६ | योगेन्द्र गुरुङ | सदस्य | |
| ५७ | भुमिका दुरा | सदस्य | |

CamScanner

| | | | |
|---|---|---|---|
| ५८ | सुनिता सार्की | सदस्य | सुनिता |
| ५९ | भुमि कर दुरा | सदस्य | [signature] |
| ६० | रमेश घर्ती | सचिव | [signature] |

[signature]
२०८२।०९।२०

## मिति २०८२/०९/२० गते बसेको नगरसभाको सत्रौं अधिवेशनको निर्णयहरु :

**निर्णय नं १**

सुन्दरबजार नगरपालिकाका प्रमुख श्री कृष्ण प्रसाद कोइरालाद्वारा प्रस्तुत सुन्दरबजार नगरपालिकाको चालु आ.व. २०८२/८३ को प्रगती विवरण सहितको प्रगती प्रतिवेदन सर्वसम्मतबाट पारित गरियो ।

**निर्णय नं २**

सुन्दरबजार नगरपालिका उप प्रमुख श्री भवानी के.सी.द्वारा प्रस्तुत सुन्दरबजार नगरपालिकाको आर्थिक ऐन २०८२ को संशोधन विधेयक २०८२ उपर दफावार छलफल गरी सर्वसम्मतबाट पारित गरियो ।

**निर्णय नं ३**

सुन्दरबजार नगरपालिका उप प्रमुख श्री भवानी के.सीज्यूद्वारा प्रस्तुत सुन्दरबजार नगरपालिकाको विनियोजन ऐन २०८२ को संशोधन विधेयक २०८२ उपर दफावार छलफल गरी सर्वसम्मतबाट पारित गरियो ।

**निर्णय नं ४**

सुन्दरबजार नगरपालिका सामाजिक विकास समिति संयोजक श्री दिपक राज ढकालद्वारा प्रस्तुत सुन्दरबजार नगरपालिकाको खानेपानी बोर्ड गठन तथा संचालन गर्न बनेको विधेयक,२०८२ उपर दफावार छलफल गरी आवश्यक संशोधन सहित सर्वसम्मतबाट पारित गरियो ।

**निर्णय नं ५**

सुन्दरबजार नगरपालिका सुशासन तथा क्षमता विकास संयोजक श्री अमृत न्यौपानेद्वारा प्रस्तुत सुन्दरबजार नगरपालिकाको नगर प्रहरी सम्वन्धी व्यवस्था गर्न बनेको विधेयक,२०८२ उपर दफावार छलफल गरी आवश्यक संशोधन सहित सर्वसम्मतबाट पारित गरियो ।

**निर्णय नं ६**

सुन्दरबजार नगरपालिका सुशासन तथा क्षमता विकास संयोजक श्री अमृत न्यौपानेद्वारा प्रस्तुत सुन्दरबजार नगरपालिकाको आर्थिक कार्यविधि तथा वित्तिय उत्तर दायित्व सम्बन्धी विधेयक, २०८२उपर दफावार छलफल गरी आवश्यक संशोधन सहित सर्वसम्मतबाट पारित गरियो ।

२०८२/०९/२०

कृष्ण प्रसाद कोइराला
नगर प्रमुख

# सुन्दरबजार नगरपालिकाको नगर सभाको १७ औँ अधिवेशनमा नगर प्रमुख श्री कृष्ण प्रसाद कोइराला ज्यूद्वारा प्रस्तुत चालु आ.व. २०८२/८३ को प्रगति विवरण सहितको वक्तव्य

नगर सभा सदस्यज्यूहरु

१. लामो समयदेखिको हाम्रो चाहना बमोजिम हामी नेपाली जनताले आफ्ना निर्वाचित प्रतिनिधि मार्फत नेपालको संविधान निर्माण गरी यसको भावना अनुरुप हामी संघीयता कार्यान्वयनको पथमा अगाडि बढिरहेका छौं। संघीयताकै मर्म अनुरुप दोस्रो स्थानीय निर्वाचनबाट निर्माण भएको सुन्दरबजार नगरसभाको हाम्रो कार्यकालको सातौं सभा तथा समग्रमा सत्रौं सभामा आइपुगेका छौँ। यस अवसरमा यो सम्मानित सभालाई सम्बोधन गरिरहँदा मैले आफूलाई अत्यन्तै गौरवान्वित महसुश गरेको छु। यसका साथसाथै यस नगरका बासिन्दाहरुसँग गरेका वाचा र प्रतिबद्धता कार्यान्वयनका क्रममा विगतमा प्राप्त भएका उपलब्धी, अनुभव र उर्जाको माध्यमबाट हामी जनप्रतिनिधिहरु अझै थप सशक्त र जिम्मेवार बन्नुपर्ने दायित्वबोध गरेको छु।

२. संविधान र संघीयताको मर्म अनुरुप नगरपालिका प्रमुख भएर यसै नगरपालिकाको समृद्धिसँगै स्थानीय तहलाई मजबुत बनाउन लागिरहँदा यस मूलुकको भाग्य र भविष्य परिवर्तनका लागि विभिन्न आन्दोलन तथा क्रान्तिको सिलसिलामा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने महान शहीदहरु प्रति उच्च श्रद्धापूर्वक भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। यसै गरी घाइते योद्धाहरु तथा बेपत्ता नागरिकहरुको त्याग तथा बलिदानको स्मरण गर्दै उनीहरु प्रति उच्च सम्मान प्रकट गर्न चाहन्छु।

नगर सभाका सदस्यज्यूहरु

३. नेपालको संविधानको धारा ५६ बमोजिम संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह हुने र राज्य शक्तिको प्रयोग तीनै तहले संविधान तथा कानुन बमोजिम गर्ने प्रक्रिया निरन्तर रहेको छ।

४. भौतिक पूर्वाधार तथा सामाजिक विकासका लागि नागरिकहरुले महशुस गर्ने जनताको सबै भन्दा नजिकको सरकार स्थानीय सरकार हो। त्यसै गरी नेपाली जनताहरुले दशकौं लडेर प्राप्त गरेको अधिकार उपभोग गर्ने तथा आफ्ना हक अधिकारका कुरा व्यक्त गर्न पहुँच पुग्ने उपयुक्त सरकार स्थानीय सरकार हो। यस अनुसार हामी निरन्तर जनतालाई सेवा, सुविधा प्रदान गर्ने विषयमा चिन्तित रहनु पर्दछ। नवयूवा पुस्ताबाट भएको वि.सं २०८२ भाद्र २३ र २४ गते प्रदर्शनको प्रतिफल स्वरुप निर्धारित समय भन्दा २ वर्ष अगावै आगामी फागुन २१ गते प्रतिनिधि सभाको निर्वाचन हुन गइरहेको छ। उक्त निर्वाचन भयरहित र शान्तिपूर्ण बनाउने वातारवण बनाउन नेपाल सरकारसँग अनुरोध गर्दै त्यसका लागि सुन्दरबजार नगरपालिका यथोचित भूमिका निर्वाह गर्न तयार रहेको प्रतिबद्धता व्यक्त गर्दछु।

५. नगरबासीको चाहना आत्मनिर्भर र समुन्नत नगरपालिका भएको हुंदा गुणस्तरीय स्वास्थ्य, शिक्षा, पूर्वाधारको विकास गर्दै आय आर्जनमा जोड दिई कृषि तथा पर्यटनको विकास गरी युवा वर्गलाई गाउँमा बस्ने वातावरण सिर्जना गर्नु हाम्रो मूल दायित्व हो। यही चाहना अनुसार अगाडि बढिरहेको स्मरण गराउन चाहन्छु। यस बीचमा नेपाल सरकार, सोहौँ पञ्च वर्षीय योजना र गण्डकी प्रदेशको दोस्रो पञ्च वर्षीय योजना निर्माण गरी अगाडि बढिरहेको छ भने सुन्दरबजार नगरपालिका यस नगर सभासम्म आइपुग्दा हाम्रा क्रियाकलापहरुमा समीक्षा गर्दै अगाडि बढ्नुपर्नेछ।

६. नगरपालिकाका विभिन्न शाखा र वडा कार्यालयहरुबाट हुने सेवा प्रवाह छिटो, छरितो एवं गुणस्तरीय हुन आवश्यक छ। हामी जनप्रतिनिधि र कर्मचारीहरु थप पारदर्शी,जवाफदेही र प्रतिबद्ध भई प्रभावकारी रुपमा जनताको सेवामा समर्पित हुन जरुरी छ।

कृष्ण प्रसाद कोइराला
नगर प्रमुख

नगर सभाका सदस्यज्यूहरु

७. वि.सं. २०७९ बैशाखमा भएको दोस्रो स्थानीय निर्वाचन मार्फत निर्वाचित सुन्दरबजार नगरपालिकाको सरकारले आफ्नो कार्यकालको करिव ४ वर्ष पूरा गर्ने लागेको छ । नगरबासीको चाहना मुताबिक नगरपालिकाको पूर्वाधार तथा मानवीय विकास गर्ने सिलसिलामा हामी प्रतिबद्धताका साथ अगाडि बढिरहेका छौं ।

८. नगरबासीहरुको चुलिँदो अपेक्षा र स्रोत साधनको सीमित उपलब्धताका बावजुद केही महत्वपूर्ण उपलब्धी हासिल गरेका छौं ।

अब म क्षेत्रगत रुपमा भइरहेका कामहरुको संक्षिप्तमा जानकारी गराउदछु ।

**आर्थिक विकास क्षेत्र तर्फ**

९. ७५ % अनुदानमा २५०० प्याकेट च्याउको बिउ बितरण कार्यक्रम, च्याउ खेती तालिम, बाली अनुसार क्रप कटिङ्ग कार्यक्रम सञ्चालन भएको छ ।

१०. ९ वटा कृषि समूहबाट वडा नं ३,६,७ र १० मा बेमौसमी तथा लहरे तरकारी बाली उत्पादन कार्यक्रम सञ्चालन भइरहेको छ ।

११. कृषि, पशुपन्छी तथा मत्स्य तथ्यांक अध्यावधिक कार्यक्रमका लागि वडा नं ४ को ९३ र वडा नं ९ को ११५ घरधुरी तथ्यांक संकलन गरिएको छ ।

१२. कृषि उत्पादनलाई बजारीकरणका लागि हाटबजार सञ्चालन भईरहेको, रैथानेबाली प्रवर्द्धनका लागि खाद्य बैंक स्थापना, लमजुङ क्याम्पस सँगको समन्वयमा बाली शिविर, माटो शिविर कार्यक्रमहरु सञ्चालन भईरहेका छन । मौरीपालन र पशुपालन पकेट कार्यक्रमलाई निरन्तरता दिईएको छ ।

१३. नियमित सेवा तर्फ ३ हजार ६ सय ७३ पशुहरुमा आन्तरिक तथा बाह्य परजीवि नियन्त्रणको लागि उपचार सेवा प्रदान गरिएको छ । साथै २१२८ पशुहरुको गोबरको परीक्षण भएको छ ।

१४. कृत्रिम गर्भाधान कार्यक्रम अन्तर्गत ३६३ गाईभैंसीमा कृत्रिम गर्भाधान भएको छ ।

१५. भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र बेशीशहर, लमजुङसँगको सहकार्यमा ११ वटै वडाका ५३९ वटा गाई, १२८६ वटा भैंसी र ९९ वटा बङ्गुर गरी जम्मा १९३४ वटा पशुहरुमा देखिने खोरेत रोग निवारण खोप प्रदान गरिएको छ ।

१६. यस अवधिमा ६१ कुकुर र बिरालोहरुलाई रेविज विरुद्धको खोप लगाइएको र ३६ कुकुरहरुमा DHPPL खोप प्रदान गरिएको छ ।

१७. प्रदेश तथा संघ सरकारसँगको समन्वयमा नगर गौरवको रुपमा रहेको हाँडेटार नहर मर्मत, चालिसे कुलो लगायतका सिँचाई पूर्वाधार निर्माण काम भइरहेको छ ।

१८. विभिन्न वडामा रहेका साना सिंचाई पूर्वाधारहरु निर्माणको क्रममा रहेका छन् । साथै सिँचाईको लागि पाईप वितरणका कार्य भइरहेका छन् ।

१९. वडा नं ३, ५ र ९ मा सिंचाई कुलो निर्माणका लागि बोलपत्र आह्वान गरिएको छ ।

२०. नगरपालिका भित्र विभिन्न जात जाति धर्मावलम्बीहरुको सँस्कृति संरक्षण तथा प्रबर्द्धनका मेला महोत्सव सञ्चालनका लागि आवश्यक समन्वय र सहयोग गरिएको छ ।

२१. प्रदेश तथा संघ सरकार र पुरातत्व विभागको सहयोगमा झरना,पार्क, मन्दिर, पौवा, गुम्बा तथा १०८ फिट अग्लो शिव मूर्ति निर्माणको क्रममा रहेको छ । नगरपालिकाका विभिन्न २५ स्थानमा पर्यटकीय स्थानमा स्थान जनाउने बोर्डहरु जडान गरिएको छ ।



CamScanner

२२. सहकारी संस्था अनुगमन, निरीक्षण तथा प्रवर्द्धनको लागि आवश्यक कानूनी व्यवस्था गरिएको छ।

२३. नगरपालिका मातहतका ५२ वटा सहकारी संस्थाको नियमित अनुगमन, सहकारी संस्थाका कर्मचारी तथा पदाधिकारीलाई सहजीकरण, प्रशिक्षण, अन्तक्रिया कार्यक्रम, व्यवस्थापन परामर्शका क्रियाकलाप सञ्चालन भएको छन्।

२४. नगरपालिका भित्र रहेका निष्क्रिय सहकारी संस्था व्यवस्थापनका लागि अध्ययन कार्यदल गठन गरी निष्क्रिय सहकारी खोजी कार्य भइरहेको छ।

२५. यसै आर्थिक वर्षबाट सहकारी संस्थाको अद्यावधीकरण शुरुवात गरिएको छ। हाल सम्म १६ सहकारी संस्थाको तथ्यांक अद्यावधिक गरिएको छ।

२६. सहकारी संस्थालाई प्रविधिमैत्री बनाउनका लागि कोपोमिस प्रयोगमा सहजीकरण गरिएको छ।

२७. सहकारी विकास कोष सञ्चालनका लागि कानूनी व्यवस्था गरिएको छ। साझेदार संस्था सँगको समन्वयमा कोषमा रकम जम्मा गर्ने कार्य अन्तिम चरणमा रहेको छ।

२८. चालु आर्थिक वर्षमा ४०२ जना पुरुष र ४९५ महिला गरी जम्मा ८९७ जना बेरोजगारहरु सूचीकरण गरिएको छ।

२९. वडा नं. २ बाट ४ जना, वडा नं. ५ बाट २ जना र वडा नं. ७ बाट १ जना गरी ७ जना विद्यार्थीहरुलाई नगर शिक्षा समितिको बैठकबाट निर्णय गरी वैदेशिक रोजगार सन्तति छात्रवृत्तिका लागि सिफारिस गरिएको छ।

३०. यस आ.वमा वैदेशिक रोजगारीका लागि जाने १२० व्यक्तिहरुको पुन श्रम स्वीकृति गरिएको छ।

३१. वैदेशिक रोजगारीका लागि अन्य मुलुक गएका ३३६ जना व्यक्तिहरु र वैदेशिक रोजगारीबाट फर्किएर स्वदेशमा स्वरोजगार तथा साना व्यावसाय गरेर बसेका ८२ जना व्यक्तिहरुको तथ्याङ्क संकलन गरिएको छ।

३२. श्रम अवधिभित्र वैदेशिक रोजगारीका क्रममा भएको अंगभंग तथा बिरामीको स्वास्थ्य उपचार, वैदेशिक रोजगारीमा परिवारलाई स्वास्थ्य उपचार र वैदेशिक रोजगारीको सिलसिलामा विदेशको जेलमा परेका तथा अन्य कारणले गर्नुपर्ने उद्दार तथा खोजतलास सम्बन्धी सहजीकरण गरिएको छ।

३३. वैदेशिक रोजगारीमा पठाइदिन्छु भनी आर्थिक ठगीमा परेका १९ जना व्यक्तिहरुलाई कानुनी सहायता उपलब्ध गराउन सम्बन्धीत निकायमा सम्पर्कका लागि सहजीकरण गरिएको छ।

३४. नगरपालिका भित्र व्यवसाय सञ्चालनका लागि सम्बन्धीत वडा कार्यालयबाट व्यवसाय दर्ता गर्ने व्यवस्था गरिएको छ। गरीबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम अन्तर्गत सुन्दरबजार नगरपालिका वडा नं ९ मा व्यवसाय पूर्व सचेतना तालिम सञ्चालन गरी साबुन बनाउने र मुढा बनाउने तालिम सञ्चालनको क्रममा रहेको छ।

**सामाजिक विकास क्षेत्र**

३५. आर्थिक वर्ष २०८२/०८३ मा ६८ जना दीर्घरोगीहरुलाई मासिक रु. ५००० का दरले उपचार खर्च उपलब्ध गराईएको छ। नगरपालिका भित्रका १९ जना विपन्न नागरिकहरुको औषधी उपचारको लागि सिफारिस गरिएको छ। साथै यस नगरपालिका भित्रका ११९ बालबालिकाहरुलाई पूर्ण खोप प्रदान गरिएको छ।

३६. स्वास्थ्य संस्थामा सुत्केरी गराउन जाने १५ जनालाई एम्बुलेन्स सेवा खर्च र ६ जना नवजात छोरीको नाममा बैंक खाता सञ्चालन गरिएको छ।

३७. नि शुल्क शव वाहन मार्फत २६ घरपरिवारलाई सेवा प्रदान गरिएको छ।

३८. क्षयरोग स्क्रिनिङ्ग कार्यक्रम अन्तर्गत ३१ जनाको नमूना परीक्षण गरिएको छ।

३९. नगरपालिका भित्रका १० वटा स्वास्थ्य संस्थाहरुको न्यूनतम सेवा मापदण्ड मापन गरिएको छ।

४०. सुन्दरबजार अस्पताल, भोटेओडार शहरी स्वास्थ्य केन्द्र, चन्द्रेश्वर प्राथमिक स्वास्थ्य केन्द्र, नमूना सामुदायिक अस्पताल र भोटेओडार अस्पताललाई २०० वटा डेङ्गी किट प्रदान गरी निशुल्क डेङ्गी जाँच गरिएको छ।

४१. नगरपालिका भित्रका १८९६ जना ५ वर्ष मुनिका बालबालिकाहरुलाई भिटामिन ए र १७३७ जना ५ वर्ष मुनिका बालबालिकाहरुलाई जुकाको औषधी खुवाइएको छ।

४२. सामुदायिक विद्यालयहरुमा पोषण सम्बन्धी २१ वटा र डेङ्गी सम्बन्धी २४ वटा विद्यालय शिक्षा कार्यक्रम सञ्चालन गरिएको छ।

४३. कुन्छा स्वास्थ्य चौकी, चन्द्रेश्वर प्राथमिक स्वास्थ्य केन्द्र, सुन्दरबजार अस्पताल र शहरी स्वास्थ्य केन्द्र भोटेओडारमा आमा सुरक्षा कार्यक्रमको अनुगमन गरिएको छ भने सोही कार्यक्रम अन्तर्गत १८ जना सुत्केरी महिलाहरुको घरभेट अनुगमन गरिएको छ। यसै गरी नर्सिङ्ग स्वास्थ्यकर्मीबाट १३४ जना सुत्केरी आमाको घरमा गई स्वास्थ्य जाँच गरिएको छ।

४४. ६६ वटा आमा समूहहरुलाई स्तनपान र स्थानिय पोषणयुक्त तथा स्वास्थ्य खाना प्रबर्द्धन कार्यक्रम सञ्चालन गरिएको छ।

४५. सुनौलो हजार दिनका ४८८ आमाहरुलाई पोषण विषेश अभिमुखीकरण कार्यक्रम र ५ वर्ष मुनिका १६५० बालबालिकाहरुको पोषण लेखाजोखा गरिएको छ।

४६. किशोर किशोरीलाई योग तथा ध्यानमा आकर्षित गर्नका लागि विद्यालय योग शिक्षा तथा आयुर्वेद कार्यक्रम सञ्चालन भइरहेको छ। यसैगरी ५ जनालाई शीरोधारा, ५३ जनालाई स्वेदन र ८ जनालाई कटि बस्तीकर्म सेवा प्रदान गरिएको छ।

४७. सुन्दरबजार अस्पताल मार्फत स्वास्थ्य बीमा अन्तर्गत ५५०१ जनालाई ओ.पि.डी. सेवा, २०४ जनालाई ईमरजेन्सी सेवा, २२७७ जनालाई ल्याब सेवा, २७० जनालाई एक्सरे सेवा, २७ जनालाई यू एस जी सेवा प्रदान गरिएको छ। यसै गरी लमजुङ जिल्ला अस्पतालको सहयोगमा ८० जनालाई बालरोग सम्बन्धी र ४० जनालाई स्त्रीरोग सम्बन्धी विशेष सेवा प्रदान गरिएको छ। यसका अतिरिक्त नियमित उपचार सेवा प्रदान गर्दै आइरहेको छ।

४८. भोटेओडार आँखा उपचार केन्द्रबाट नयाँ १६४७ सहित जम्मा २२०० जनालाई आँखा उपचार सेवा प्रदान गरिएको छ। हिमालय आँखा अस्पताल पोखराको प्राविधिक सहयोगमा ७८ जनाको मोतीबिन्दुको शल्यक्रिया गरिएको छ भने संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको निशुल्क आँखा परीक्षण सम्पन्न भएको छ। सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीको आँखा जाँच कार्यक्रम सञ्चालनको क्रममा रहेको छ।

४९. सुरक्षित आप्रवासन कार्यक्रम अन्तर्गत १४ जनालाई मनोसामाजिक परामर्श सेवा प्रदान गरिएको छ।

५०. विद्यालयहरुको समग्र तथ्याङ्क व्यवस्थापनका लागि तयार भएको इमिस सफ्टवेयरमा विद्यालयहरुको विवरण अद्यावधिक गरिएको छ। शिक्षक तलबभत्ता लगायत विद्यालयमा जाने अनुदानहरुलाई इमिस सफ्टवेयर प्रणालीमा समाविष्ट गरिएको छ।

५१. यस आर्थिक वर्षमा १२ वटा विद्यालयहरुको संयुक्त अनुगमन तथा शैक्षिक सुपरीवेक्षण गरी आवश्यक निर्देशन दिइएको छ।

५२. चार जना नवनियुक्त स्थायी शिक्षकहरुलाई शिक्षक मेन्टरिङ कार्यक्रम सञ्चालन गरिएको छ।



CamScanner

५३. कक्षा १० मा अध्ययनरत १९७ जना विद्यार्थीका लागि वृत्ति मार्ग निर्देशनको फलो अप कक्षा सञ्चालन भएको छ। सामुदायिक विद्यालयमा कक्षा ८ र ९ मा अध्ययनरत विद्यार्थीहरुलाई वृत्तिमार्ग निर्देशन कार्यक्रम सञ्चालन भइरहेको छ।

५४. विशेष अनुदान अन्तर्गत आधारभूत शिक्षा सुधार कार्यक्रम सञ्चालनका लागि कार्ययोजना निर्माण सम्पन्न भएको छ।

५५. सातौं राष्ट्रपति रनिङ्ग शिल्ड कार्यक्रम सम्पन्न भएको छ। नियमित प्रधानाध्यापक बैठक, नगर शिक्षा समिति बैठक सञ्चालन तथा कार्यशाला गोष्ठि सञ्चालन भएका छन्।

५६. माध्यमिक विद्यालयमा अध्ययनरत ११३ जना छात्राहरुलाई छात्रा आत्मरक्षा तालिम प्रदान गरिएको छ।

५७. यसै आ.व.मा वडा नं ६, ७ र १० लाई बालमैत्री तथा पोषणमैत्री वडा घोषणा गर्नका लागि सूचक कार्यान्वयनको क्रममा रहेको छ जसका लागि वडाहरुमा अन्तक्रिया कार्यक्रम सम्पन्न गरिएको छ।

५८. अपाङ्गता भएका ८ जना व्यक्तिहरु, ३२ जना ज्येष्ठ नागरिकहरुलाई डिजिटल परिचय पत्र प्रदान गरिएको छ। साथै वडा नं १ र २ को वडागत कार्यक्रम अन्तर्गत ८८ जना जेष्ठ नागरिकहरुलाई बाग्लुङ कालिका भ्रमण र नगरपालिका भित्रका ८५ वर्ष उमेर पुगेका २१० जना ज्येष्ठ नागरिकहरुलाई हिटर वितरण गरिएको छ।

५९. व्यक्तिगत घटना दर्ता तर्फ १८५ जनाको जन्मदर्ता, ८५ जनाको मृत्युदर्ता, ३० जनाको सम्बन्ध बिच्छेद दर्ता गरिएको छ। यस आर्थिक वर्षमा ३१ परिवार (१०० जना) बसाईसराई गरी आएका छन् भने ४९ परिवार (१५६ जना) बसाईसराई गरी गएका छन्। चालु आर्थिक वर्षमा ३६८५ जनालाई ३ करोड ५८ लाख १९ हजार ८ सय १७ रुपैया सामाजिक सुरक्षा भत्ता वितरण गरिएको छ।

६०. यसका अतिरिक्त वडागत रुपमा विभिन्न खेलकुद प्रतियोगिता सञ्चालन र सहयोग भएका छन्, कुमाल जातिहरुको लागि पोषाक वितरण गरिएको छ, वडामा रहेका विभिन्न मठ मन्दिर संरक्षण, मेला महोत्सव सञ्चालन, विपद व्यवस्थापन लगायतका कार्यहरु, दलित, महिला, आदिवासी जनजाति लगायत लक्षित वर्गका कार्यक्रमहरु सञ्चालका क्रममा रहेका छन्।

६१. गैर सरकारी संस्थाहरु सँग सहकार्यमा बालमैत्री स्थानीय शासन कार्यक्रम, मुख स्वास्थ्य सम्बन्धी कार्यक्रम, हाटबजार सञ्चालन, कृषि उत्पादन तथा पशुपालन लगायतका कार्यक्रमहरुमा सञ्चालन गरिएको छ।

६२. स्थानीय क्लब तथा संघ संस्थाहरुद्वारा सञ्चालित विभिन्न खेलकुद प्रतियोगिता , स्वास्थ्य शिविर लगायतका कार्यक्रमहरुमा सहयोग प्रदान गरिएको छ। साथै लागुऔषध दुर्व्यसन सम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गरिएको छ।

६३. संघ सरकारसँगको साझेदारीमा सुन्दरबजार वृहत खानेपानी आयोजना र तुर्लुङकोट वृहत खानेपानी आयोजना निर्माणको क्रममा रहेको छ।

६४. नगरपालिकाको फोहोरमैला व्यवस्थापनका लागि निरन्तर रुपमा ल्याण्डफिल साइट सुदृढीकरण कार्यक्रमसञ्चालन भइरहेको र गत आर्थिक वर्षबाट यसबाट १० लाख रुपैयाँ राजश्व संकलन हुने व्यवस्था गरिएको छ भने फोहोर प्रशोधन केन्द्रमा फोहोर प्रशोधनका उपकरण जडानका लागि विद्युत प्रशारण लाइन निर्माण कार्य अन्तिम चरण रहेको छ।

**पूर्वाधार विकास क्षेत्र तर्फ**

६५. यस वर्ष भौतिक पूर्वाधार तर्फ करीब २६८ वटा योजना रहेकोमा हालसम्म ७२ वटा योजना सम्झौता भएकोमा १२ वटा योजनाको भुक्तानी भएको छ भने ५ वटा भुक्तानी प्रक्रियामा रहेको छ।



CamScanner

७६. उपभोक्ताहरुको हितलाई ध्यानमा राख्दै समय सापेक्ष बजार अनुगमन कार्यक्रम सञ्चालन गर्दै आइरहेको छ ।

७७. सुन्दरबजार नगरपालिकाको नीति, कानुन तथा निर्णय कार्यान्वयनमा अपेक्षित उपलब्धी हासिल गर्न समग्र शान्ति तथा सुरक्षा सुव्यवस्थापनका विविध क्षेत्रमा सुधार गर्न नगर प्रहरी व्यवस्थापनको लागि नगर प्रहरी व्यवस्थापन विधेयक तयार गरिएको छ ।

७८. सर्वसुलभ सवारी व्यवस्थापनका लागि हालसम्म ११७ वटा अटो दर्ता भएको छ । निजी वन नगरपालिकाबाट नै दर्ता गर्ने व्यवस्था मिलाइएको छ । हालसम्म ७ वटा निजी वन,२१ वटा "घ" वर्गका निर्माण व्यवसाय फर्म दर्ता भएका छन् ।

७९. २०७९ सालको स्थानीय निर्वाचन पश्चात स्थानीय तहको कानूनी आवश्यकता अनुरुप नियमित कार्य सञ्चालनमा सहज हुने गरी थप ऐन, नियमावली, निर्देशिका तथा कार्यविधिहरु निर्माण र समसामयिक संशोधन तथा परिमार्जन गरिएको छ । यसै सिलसिलामा यस सभामा थप महत्वपूर्ण विधेयकहरु प्रस्ताव गरिएका छन् ।

८०. शान्ति सुरक्षा तथा अमनचैन कायम गर्न तथा अपराध नियन्त्रणमा सहयोग पुर्याउन प्रहरी प्रशासनलाई प्राविधिक सहयोग गर्ने उद्देश्यका साथ सुन्दरबजार नगरपालिकाका प्रवेशद्वारहरु तथा अधिक भीडभाड हुने चोक तथा शहरी क्षेत्रमा सिसिटिभी जडान, आवश्यक मर्मत समेत गरी प्रयोगमा आइरहेका छन् साथै नगरपालिकाको विभिन्न ठाउँमा प्रहरी बिट निर्माण गरी स्थानीय तहमा रहेको नेपाल प्रहरीलाई हस्तान्तरण गरिएको छ । साथै चन्द्रेश्वर प्रहरी चौकीलाई आफ्नै स्वामित्वमा भवन व्यवस्थापन भएको तथा पाउँदी ढिकमा प्रहरी चौकी निर्माण गरिएको छ ।

८१. न्यायिक समिति तर्फ यस आर्थिक वर्षमा कुल १६ वटा उजुरी परेकोमा ९ वटा उजुरी उपर द्विपक्षीय छलफल गराई मिलापत्र गराइएको छ । ६ वटा उजुरी छलफलको प्रक्रियामा रहेका छन् । एक उजुरी न्यायिक समितिको क्षेत्राधिकारभित्र नपरेकाले सम्बन्धित निकायमा पठाइएको छ ।

८२. चालु आर्थिक वर्षमा कूल २ करोड ५ लाख राजश्व संकलन गर्ने अनुमान गरिएकोमा हालसम्म ७१ लाख ५३ हजार ८ सय ९० राजस्व संकलन भएको छ ।

८३. आर्थिक वर्ष २०८१/८२ को लेखा परीक्षण तथा संपरीक्षण कार्य सम्पन्न भई अन्तिम प्रतिवेदन प्राप्त हुने क्रममा रहेको छ ।

८४. चालु आर्थिक वर्षमा चालु तर्फ ५० करोड ९४ लाख ३४ हजार र पूँजीगत तर्फ ११ करोड ३३ लाख २९ हजार गरी कुल विनियोजित रकम ६२ करोड २७ लाख ६३ हजार मध्ये हालसम्म चालु तर्फ १२ करोड ४६ लाख ७९ हजार र पूँजीगत तर्फ ४१ लाख २८ हजार खर्च भएको छ । यसरी हालसम्म चालु तर्फ २४.४७ प्रतिशत र पूँजीगत तर्फ ३.६४ प्रतिशत तथा समग्रमा २०.६८ प्रतिशत वित्तीय प्रगति भएको छ ।

८५. सोह्रौं नगरसभाले पारित गरेको नीति तथा कार्यक्रम र बजेटको सान्दर्भिकता र औचित्यलाई आत्मसात गरी सो को निरन्तरता र कार्यान्वयनमा जोड दिइनेछ ।

८६. अन्त्यमा नगरपालिकाको बजेट तथा कार्यक्रम कार्यान्वयनमा सक्रियतापूर्वक लाग्नुहुने जनप्रतिनिधिहरु, कर्मचारी, टोल विकास संस्था, उपभोक्ता समूहहरु तथा सरसल्लाह र सुझाव दिनुहुने राजनैतिक दलका नेता तथा कार्यकर्ताहरु, विभिन्न संघसंस्थाका प्रतिनिधिहरु, पेशा व्यवसायीहरु, समाजसेवी बुद्धिजीवीहरु र विकास साझेदार संस्थाहरु सबैमा हार्दिक धन्यवाद दिन चाहन्छु । साथै थप रचनात्मक सरसल्लाह र सुझावको अपेक्षा गर्दछु ।

धन्यवाद !

# सुन्दरबजार नगरपालिकाको आर्थिक ऐन, २०८२ लाई संशोधन गर्न बनेको ऐन, २०८२

**प्रस्तावना**

सुन्दरबजार नगरपालिकाको आर्थिक ऐन, २०८२/०८३ लाई संशोधन गर्न वाञ्छनीय भएकाले, सुन्दरबजार नगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः**

(१) यस विधेयकको नाम "सुन्दरबजार नगरपालिकाको आर्थिक (पहिलो संशोधन) ऐन, २०८२" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **मूल ऐनको अनुसूची ८ (क) थप** : मूल ऐनमा "अनुसूची ८(क)" थप गरिएको छ।

अनुसूची ८ (क)

| क्र.सं | विवरण | दस्तुरदर |
|---|---|---|
| ४. | घर नक्शा संशोधन दस्तुर | प्रति वर्ग फुट रु.३ |

कृष्ण प्रसाद कोइराला
नगर प्रमुख

## सुन्दरबजार नगरपालिकाको विनियोजन ऐन,२०८२ लाई संशोधन गर्न बनेको ऐन, २०८२

**प्रस्तावना**

सुन्दरबजार नगरपालिकाको विनियोजन ऐन, २०८२/०८३ लाई संशोधन गर्न वाञ्छनीय भएकाले, सुन्दरबजार नगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम "सुन्दरबजार नगरपालिकाको विनियोजन (पहिलो संशोधन) ऐन, २०८२" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **मूल ऐनको अनुसूची १ थप** : सुन्दरबजार नगरपालिकाको विनियोजन ऐन,२०८२ को "अनुसूची १ मा संसोधन :

(१) अनुसूची १ को देहायको क्र.सं. मा देहाय बमोजिमको संसोधन गरिएको छ।

| क्र.स | साबिकको क्र.सं | साबिकको योजना/कार्यक्रमको नाम | रकम (रु.) | संसोधित क्र.स | संसोधित योजना/कार्यक्रमको नाम | रकम (रु.) |
|---|---|---|---|---|---|---|
| १ | १५७ | साउने पानी जांने बाटो सिंढी निर्माण | १००००० | १५७ | साउने पानी जाने बाटो सिंढी निर्माण | १००००० |
| २ | १७७ | ३० % उपभोक्ता ७० % वडाको लगानीमा लागत सहभागिता योजना | ७६०००० | १७७ | उपभोक्ताको ३० % जनश्रमदान र वडाको ७० % लगानीमा लागत सहभागिता योजना | ७६०००० |
| ३ | १६४ | महिला स्वास्थ्य स्वयंम सेविका यातायात भत्ता तथा स्कुलमा स्वास्थ्य प्रशिक्षण कार्यक्रम | ११०००० | १६४ | महिला सामुदायिक स्वास्थ्य स्वयंम सेविका लक्षित कार्यक्रम | ११०००० |
| ४ | २१७ | प्रतिक्षालय तथा चौतारा संरक्षण तथा निर्माण | २००००० | २१७ | चापाने खोला सिढी निर्माण | २००००० |
| ५ | २८२ | साना पूर्वाधार निर्माण र विविध कार्यक्रम | ३३९००० | २८२ (क) | टारीखेत सिलिङगेडाडा बाटो स्तरोन्नती | २००००० |
| ६ | | | | २८२ (ख) | साना पूर्वाधार निर्माण र विविध कार्यक्रम | १३९००० |
| ७ | २६३ | बहखोलामा २ वटा फलामे पुल निर्माण | २५०००० | | बहखोला फलामे पुल निर्माण तथा ग्याबिन जाली | २५०००० |

कृष्ण प्रसाद कोइराला
नगर प्रमुख

CamScanner

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ८ | २७२ | ढाडोखोला ठाँटीचौर सिँचाई कुलो मर्मत | ४००००० | २७२ | ढाडोखोला ठाँटीचौर सिँचाई कुलो तथा बाटो मर्मत | ४००००० |
| ९ | २७७ | खत्रीठाँटी शिव मन्दिर भवन मर्मत | ६००००० | २७७(क) | सुन्तले मार्ग मर्मत | २००००० |
| १० | | | | २७७(ख) | मध्यपहाडी लोकमार्ग देखी शान्ति निकेतन प्रा.वि गेट सम्म सडक ढलान | ४००००० |
| ११ | २९४ | उज्यालो वडा कार्यक्रम | २००००० | २९४ | रानीटार कुलो निर्माण | २००००० |
| १२ | ३१६ | सिख कुसुण्डे पुर्वाधार विकास | २००००० | ३१६ | कुशपानी तारजाली तथा घेराबार | २००००० |
| १३ | ३१८ | रातामाटा खानेपानी ट्याङ्की निर्माण | १००००० | ३१८ | रातामाटा खानेपानी ट्याङ्की निर्माण तथा पाईप खरिद | १००००० |
| १४ | ३३२ | भोटेवडार व्याडमिन्टन क्लब कार्पेट खरिद | २००००० | ३३२ | भोटेवडार व्याडमिन्टन क्लब खेलकुद प्रतियोगीता | २००००० |
| १५ | ३६२ | धुसेनी कालिका आमा समूह भवन मर्मत | ६००००० | ३६२ | धुसेनी आमा समूह भवन मर्मत | ६००००० |
| १६ | ३६९ | मित्र मिलन युवा क्लब भवन मर्मत | १००००० | ३६९ | मित्र मिलन युवा क्लब भवन मर्मत | १००००० |
| १७ | ३५७ | बिबिध भैपरी आउने खर्च | २३०००० | ३५७(क) | मित्र मिलन युवा क्लब भवन मर्मत | ५०००० |
| १८ | | | | ३५७(ख) | बिबिध भैपरी आउने खर्च | १८०००० |
| १९ | ३७७ | लागत साझेदारीमा संचालित योजना | ८००००० | ३७७(क) | वृद्धि विकास आमा समुह भवन निर्माण तुर्लुङकोट | २००००० |
| २० | | | | ३७७(ख) | कल्पना आमा समुह भाडा खरिद मकैस्वारा | १००००० |
| २१ | | | | ३७७(ग) | पिपल डाली आमा आमा समुह भवन निर्माण धकाल्थोक | २००००० |
| २२ | | | | ३७७(घ) | सचेतना केन्द्र भवन निर्माण तुर्लुङकोट | १५०००० |
| २३ | | | | ३७७(ङ) | कालिका मिलन आमा समुह भवन निर्माण तुर्लुङकोट | १५०००० |

कृष्ण प्रसाद कोइराला
नगर प्रमुख

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २४ | ६१ | वार्षिक तथ्यांक संकलन तथा प्रतिवेदन प्रकाशन | ५००००० | ६१ | वाविके सहजकर्ता, विधालय कर्मचारी, सासिके परिचालको थप पारिश्रमिक | ५००००० |
| २५ | ३९४ | शिक्षा दिवस, सम्मान तथा पुरस्कार | २००००० | ३९४ | राष्ट्रपति रनिङ शिल्ड | ४००००० |
| २६ | ७७ | विविध कार्यक्रम खर्च | १०००००० | ७७ | विविध कार्यक्रम खर्च | ८००००० |
| २७ | २९ | योजना/रातो किताव/नक्सा पास लगायत छपाई | ४००००० | २९(क) | सि.सि. क्यामेरा मर्मत तथा जडान | ३००००० |
| २८ | | | | २९(ख) | योजना/रातो किताव/नक्सा पास लगायत छपाई | १००००० |
| २९ | ३६ | उपभोक्ता/टोलविकास संस्था सम्बन्धि तालिम/सचेतना | १५०००० | ३६ | ए.सि खरिद | १५०००० |
| ३० | १०९ | शौचालय निर्माण | ५५०००० | १०९ | भिमसेन मन्दिर निर्माण | ५५०००० |
| ३१ | १११ | विविध पुंजीगत खर्च | २०००००० | १११(क) | भागिरथी मन्दिर जाने सिढी निर्माण | १८८००० |
| ३२ | | | | १११(ख) | विविध पुंजीगत खर्च | १८१२००० |
| | | जम्मा | ९४३९००० | | | ९४३९००० |

2082/09/20

कृष्ण प्रसाद कोइराला
नगर प्रमुख